# मादी गाउँपालिका

# स्थानीय राजपत्र

## मादी गाउँपालिकाद्वारा प्रकाशित

**खण्ड ५ संख्या १४ मंसिर ०१, २०७८ साल**


# भाग २

**स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम मादी गाउँ कार्यपालिकाले जारी गरेको कार्यविधि सर्वसाधरणको जानकारीको लागि प्रकाशन गरिएको छ।**

# संवत् २०७८ सालको कार्यविधि नं. १४

### मादी गाउँपालिकाको स्थानीय बाल अधिकार समिति गठन तथा सञ्चालन सम्बन्धी कार्यविधि, २०७८

बालबालिका सम्बन्धी ऐन,२०७५ को दफा ६० को उपदफा ३ र गण्डकी प्रदेश सरकारको प्रदेश बालबालिका सम्बन्धी ऐन,२०७६ दफा ४६ बमोजिम बालअधिकारको संरक्षण र संवर्द्धनका लागि वान्छनीय भएकाले,

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को अधिकार प्रयोग गरी मादी गाउँपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७५ को दफा ४ बमोजिम मादी गाउँ कार्यपालिकाले यो कार्यविधि स्वीकृत गरी जारी गरेको छ।

**परिच्छेद १**

**१. संक्षिप्त नाम र प्रारम्भ**

(क) यस कार्यविधिको नाम '**मादी गाउँपालिकाको स्थानीय बाल अधिकार समिति गठन तथा सञ्चालन कार्यविधि,२०७८**' रहेको छ।

मादी गाउँपालिका, कास्की

(ख) यो कार्यविधि कार्यपालिकाबाट स्वीकृत भएको मिति देखि लागू हुनेछ।

२. परिभाषा विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) "ऐन" भन्नाले बालबालिका सम्बन्धी ऐन २०७५ लाई सम्झनुपर्दछ।

(ख) "मन्त्रालय" भन्नाले नेपाल सरकारको बालबालिका सम्बन्धी विषय हेर्ने मन्त्रालय सम्झनुपर्दछ।

(ग) "प्रदेश मन्त्रालय" भन्नाले गण्डकी प्रदेशको सामाजिक विकास मन्त्रालय सम्झनुपर्दछ।

(घ) " प्रदेश समिति" भन्नाले बालबालिका सम्बन्धी ऐन,२०७५ को दफा ६० को उपदफा १ बमोजिमको प्रदेश बालअधिकार समितिसँग जानुपर्दछ।

(ङ) "गाउँपालिका" भन्नाले मादी गाउँपालिका सम्झनुपर्दछ।

(च) "अध्यक्ष" भन्नाले मादी गाउँपालिकाको अध्यक्षलाई जनाउछ।

(छ) "उपाध्यक्ष" भन्नाले मादी गाउँपालिकाको उपाध्यक्षलाई जनाउछ।

(ज) "बाल कल्याण अधिकारी" भन्नाले बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ६१ बमोजिम नियुक्त भएको वा तोकिएको अधिकारी सम्झनुपर्दछ।

(झ) "समिति" भन्नाले बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ६० को उपदफा २ तथा यस कार्यविधिको दफा ३ तथा ५ बमोजिमको स्थानीय बाल अधिकार समिति सम्झनुपर्दछ।

(ञ) "स्थानीय बाल अधिकार समिति" भन्नाले गाउँपालिकाको स्थानीय बाल अधिकार समिति र वडा बालअधिकार समिति सम्झनुपर्दछ।

मादी गाउँपालिका, कास्की

## परिच्छेद २

### ३. स्थानीय बाल अधिकार समितिको गठन

१. बालबालिकाको अधिकार तथा हकहितको संरक्षण र सम्बर्द्धन गर्न गाउँपालिकामा देहाय बमोजिमको बाल अधिकार समिति रहनेछ :

क. गाउँपालिका उपाध्यक्ष - संयोजक

ख.अध्यक्षले तोकेको कार्यपालिकाको महिला सदस्य -सदस्य

ग. शिक्षा शाखा प्रमुख - सदस्य

घ. स्वास्थ्य शाखा प्रमुख -सदस्य

ङ. गाउँपालिका भित्रको प्रहरी कार्यालय प्रमुख -सदस्य

च. पालिका भित्रका माध्यमिक विद्यालयका प्रधानाध्यापक वा शिक्षक मध्येबाट कम्तीमा १ जना महिला सहित २ जना - सदस्य

छ. बालअधिकारको क्षेत्रमा कार्यानुभव भएका व्यक्तिहरु मध्येबाट संयोजकले मनोनयन गरेका २ जना - सदस्य

ज. महिला विकास सहकारी संस्थाको प्रतिनिधि - सदस्य

झ.बालअधिकारको क्षेत्रमा क्रियाशील गैरसरकारी संस्थाको प्रतिनिधि १ जना -सदस्य

ञ.बालमनोविज्ञान वा बाल न्यायका क्षेत्रमा काम गर्ने अधिवक्ता - सदस्य

ट.पालिका स्तरीय बाल सञ्जालको अध्यक्ष सहित दुईजना बालक र बालिका - सदस्य

ठ.बाल कल्याण अधिकारी वा बालबालिका शाखा हेर्ने कर्मचारी - सदस्य सचिव

२. बाल अधिकार हकहित तथा संरक्षण सम्बन्धमा प्रमुख संरक्षकको रुपमा गाउँपालिका अध्यक्ष रहनेछन्।

३. मनोनित सदस्यको पदावधि चार वर्षको हुनेछ र खण्ड (छ) बमोजिम सदस्यमा मनोनित हुनका लागि भ्रष्टाचार, जबरजस्तीकरणी, मानव बेचबिखन तथा ओसारपसार, लागुऔषध विक्री वितरण तथा ओसारपसार,सम्पत्ति शुद्धीकरण, राहदानी दुरुपयोग, अपहरण सम्बन्धी कसुर, संगठित अपराध, बालबालिका विरुद्धको कसुर, बालअधिकार हनन वा नैतिक पतन देखिने अन्य फौजदारी कसुरमा सजाय नपाएको व्यक्ति हुनुपर्नेछ।

**४. स्थानीय बालअधिकार समितिको काम कर्तव्य र अधिकार**

१. दफा ३ बमोजिम गठन हुने स्थानीय बाल अधिकार समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

क. बाल अधिकार समितिको दीर्घकालीन नीति, योजना र वार्षिक कार्यक्रम तथा बजेट तर्जुमा गर्ने,

ख. बालबालिकाको अधिकारको सम्मान, संरक्षण, प्रवर्द्धन र परिपूर्तिको लागि आवश्यक स्थानीय नीति, कानुन, योजना, कार्यक्रम र संस्थागत संयन्त्रको व्यवस्था गर्ने,

ग. गाउँपालिकामा संचालित बालबालिका सम्बन्धी कार्यक्रमको अनुगमन मूल्याङ्कन तथा समीक्षा गरी सुझाव दिने,

घ. बालअधिकार सम्बन्धी कार्यक्रम कार्यान्वयनका लागि नेपाल सरकार, प्रदेश सरकार, अन्य स्थानीय तह र सरोकारवाला निकायहरुसँग समन्वय तथा सहकार्य गर्ने,

ङ. नेपाल पक्ष रहेका बाल अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय क्षेत्रीय सन्धिसँग सम्बन्धित पालिकास्तरीय आवधिक प्रतिवेदन तयार गर्न सहजीकरण गर्ने,

च. पालिका भित्र हुन सक्ने बालबिबाह, बालश्रम, शारीरिक तथा मानसिक पीडा, बाल यौन दुर्व्यवहार जस्ता सबै प्रकारका बाल हिंसाको रोकथाम, निषेध र नियन्त्रण तथा सडक बालबालिकाको उद्धार, पुनर्स्थापना, संरक्षण तथा व्यवस्थापन र बालबालिका खोजतलास नम्बर १०४ तथा बाल हेल्पलाइन नम्बर १०९८ सञ्चालन सेवा अभिवृद्धि जस्ता कार्यमा समय सहयोग र सहजीकरण गर्ने,

छ. बाल अधिकार संरक्षण तथा प्रवर्धन गर्ने सम्बन्धमा सरोकारवालाको क्षमता वृद्धि गर्ने गराउने,

ज.बालबालिका सम्बन्धी प्रतिवेदन तयार गरी मन्त्रालय, प्रदेश मन्त्रालय, राष्ट्रिय बालअधिकार परिषद र सम्बन्धित निकायहरुमा पठाउने,

झ. बालबालिका सम्बन्धी स्थानीय तथ्याङ्क / विवरण संकलन अभिलेखीकरण तथा सूचना प्रणालीको विकास, सञ्चालन, व्यवस्थापन र सुदृढीकरणमा सहयोग गर्ने,

ञ. बाल संरक्षण तथा बाल अधिकार प्रबर्द्धनका लागि सञ्चालन हुने राष्ट्रिय/ प्रादेशिक र पालिकाको अभियानमा सहयोग गर्ने,

ट. विशेष संरक्षणको आवश्यकता भएका तथा अनाथ बालबालिकालाई धर्मपुत्र धर्मपुत्री लिनेदिने कार्यलाई व्यवस्थित गर्न सहजीकरण गर्ने,

ठ. प्रचलित कानुन तथा मापदण्ड बमोजिम सञ्चालन हुन नसकेका बालगृह, बालसुधार गृह, अस्थायी संरक्षण सेवा केन्द्र, पुनर्स्थापना केन्द्र तथा सामाजिकीकरण केन्द्रहरुलाई सुधारका लागि निर्देशन दिने निर्णय पालना नगरेमा बन्दन तथा कारबाही गर्न सुझाव दिँदै सम्बन्धित निकायमा सिफारिश गर्ने,

ड. गाउँपालिका भित्र सञ्चालित बालगृह, बालसुधार गृह, अस्थायी संरक्षण सेवाकेन्द्र, पुनर्स्थापना केन्द्र लगायतमा आश्रित बालबालिकाको समग्र स्थिति र उपलब्ध सेवाको गुणस्तर तथा प्रभावकारिताका सम्बन्धमा देहायका विषयहरूमा अनुगमन टोली गठन गरी अनुगमन गर्ने गराउने :

१. बालबालिकाको वैयक्तिक विवरण अद्यावधिक गरी राखेको छ वा छैन,

२. बालबालिकालाई नियमित रुपमा शिक्षा तथा तालिम प्रदान गरिएको छ वा छैन,

३. बाल क्लब गठन गरी बालबालिकालाई खेलकूद, मनोरञ्जन तथा सास्कृतिक कार्यक्रम लगायतका बाल सहभागिता जस्ता अन्य कृयाकलापमा संलग्न गराइएको छ वा छैन,

४. बालबालिका ऐन, प्रचलित कानुन तथा मापदण्ड बमोजिमको सुविधा प्रदान गरिएको छ वा छैन,

५.बालगृह, बालसुधार गृह, संरक्षण सेवा केन्द्र, पुनर्स्थापना केन्द्र तथा सामाजिकीकरणको केन्द्रमा कुनै अवाञ्छित कार्य भएको छ वा छैन,

६.उपखण्ड ५ मा उल्लेखित गृह र केन्द्रमा बालमैत्री व्यवहार तथा वातावरण कायम गरिएको छ वा छैन,

७.बालगृहमा आश्रित बालबालिकाको वैकल्पिक हेरचाह व्यवस्थाको प्राथमिकता अनुसार अन्तिम विकल्पको रुपमा बालकल्याण अधिकारीबाट व्यवस्था मिलाई राखिएको छ वा छैन,

८.व्यवस्थापन पक्ष तथा बालबालिकाले ऐन, प्रचलित कानुन वा मापदण्डबमोजिम पालना गर्नुपर्ने कुराहरुको पालना गरेको छ वा छैन,

९. उपलब्ध स्रोत साधनलाई मध्यनजर गरी बालबालिकाको सर्वोत्तम हितलाई ध्यान दिएको छ वा छैन,

१०.बालसंरक्षण मापदण्ड निर्माण गरी लागू गरिएको छ वा छैन,

११. तोकिए बमोजिमका अन्य कार्य गर्ने,

**५. वडा बालअधिकार समितिको गठन**

गाउँपालिकामा प्रत्येक वडा भित्र देहाय बमोजिमको वडा बालअधिकार समिति रहनेछ।

१. वडा अध्यक्ष वा अध्यक्षले तोकेको व्यक्ति -अध्यक्ष

२.वडा महिला सदस्य -सदस्य

३.वडा भित्रको स्वास्थ्य संस्था प्रमुख अथवा प्रतिनिधि -सदस्य

४. वडा भित्रका सामुदायिक वा संस्थागत विद्यालयहरु मध्येबाट वडाध्यक्षले तोकेको एकजना प्रधानध्यापक - सदस्य

५.बालबालिकाको क्षेत्रमा क्रियाशील वडा भित्रका गैरसरकारी संस्थाबाट वडाध्यक्षले तोकेको व्यक्ति - सदस्य

६. महिला संस्था /वडा महिला संजाल प्रतिनिधि - सदस्य

७. वडा बाल संजाल प्रतिनिधि - सदस्य

८. बालअधिकारको क्षेत्रमा कार्यानुभव भएको वडाध्यक्षले तोकेको व्यक्ति -सदस्य

९.वडा सचिव - सदस्य सचिव

**६.वडा बालअधिकार समितिको काम कर्तव्य र अधिकार**

१. बालअधिकारको क्षेत्रमा स्थानीय आवश्यकता पहिचान, योजना तर्जुमा गर्ने र कार्यक्रम कार्यान्वयन गर्ने गराउने,

२. वडाभित्र विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको तथ्यांक संकलन, अध्यावधिक गर्ने र स्थानीय बाल अधिकार समिति समक्ष पठाउने,

३. वडाभित्र र बालबालिकाहरुका क्षेत्रमा कार्यरत संघ-संस्था, बालक्लब लगायतका सरोकारवाला बीच आवश्यक समन्वय र सहकार्य गरी बालअधिकारसम्बन्धी संरक्षणात्मक र प्रवर्धनात्मक कार्यहरु गर्ने गराउने,

४. बाल अधिकारका क्षेत्रमा स्थानीय संघ- संस्थालाई कार्य गर्न उत्प्रेरित गर्ने,

५. जोखिममा परेका बालबालिकाको तत्काल उद्धारका लागि स्थानीय बाल अधिकार समिति र सम्बन्धित निकायसँग समन्वय गर्ने,
६. वडाभित्र बालअधिकार हननका घटनाका सम्बन्धमा सम्बन्धित निकायसँग समन्वयकारी भूमिका निर्वाह गर्ने,
७.आवश्यकता अनुसार बालबालिकाको निमित्त आकस्मिक कोषको व्यवस्था मिलाउने,
८.बाल अधिकारको सम्मान, संरक्षण र प्रवद्र्धनका लागि वकालत गर्ने र वडा समितिलाई बालअधिकारका क्षेत्रमा आवश्यक सुझाव दिने,
९. वडाभित्र बालबालिका सम्बन्धमा भएगरेका कार्यक्रमहरूको अनुगमन गर्ने, प्रतिवेदन तयार गर्ने र स्थानीय बाल अधिकार समिति समक्ष पठाउने,
१०. तोकिए बमोजिमका अन्य कार्यहरु गर्ने।

**७. स्थानीय तथा वडा बालअधिकार समितिको बैठक सम्बन्धी कार्यविधि**

स्थानीय बाल अधिकार समिति तथा वडा बालअधिकार समितिको बैठक सम्बन्धी कार्यविधि देहायबमोजिम निर्धारण गरिएको छ :
१. समितिको बैठक कम्तीमा वर्षको चार पटक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ,
२. अध्यक्ष निर्देशनमा समितिको बैठक सदस्य सचिवले बोलाउनेछ,
३. सदस्य सचिवले समितिको बैठक बस्ने सूचना र बैठकमा छलफल हुने विषयहरूको सूचीसहित दुई दिनअगाडि समितिका सदस्यहरुलाई उपलब्ध गराउनुपर्नेछ,
४.समितिमा तत्काल कायम रहेका सदस्य संख्याको ५० प्रतिशत भन्दा बढी सदस्य उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ,
५. समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा उपस्थित सदस्यहरुले आफूमध्येबाट छानेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ,
६.बैठकमा उपस्थित सदस्यहरूको बहुमतको निर्णय मान्य हुनेछ। मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिन सक्नेछ,
७. समितिको बैठकको निर्णय समितिको अध्यक्षद्वारा प्रमाणित हुनेछ,
८. समितिको बैठक तथा सञ्चालन खर्च गाउँपालिकाको नियमअनुसार हुनेछ,

९. बैठक सम्बन्धि अन्य कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ,

१०. समितिको बैठकमा आवश्यकतानुसार विषयसँग सम्बन्धित व्यक्तिहरुलाई आमन्त्रण गर्न सकिनेछ।

**८. उपसमिति वा कार्यटोली गठन गर्न सक्ने**

१. स्थानीय समितिले आफूले गर्नुपर्ने कुनै काम सुचारु रुपले सञ्चालन गर्नका लागि आवश्यकतानुसार उपसमिति वा कार्यटोली गठन गरी परिचालन गर्न सक्नेछ।

२. उपदफा १ बमोजिम उपसमिति वा कार्यटोलीको काम,कर्तव्य र अधिकार कार्यप्रकृति अनुसार काममा खटिए वा काम गरेवापत टोली वा सदस्यले पाउने भत्ता वा पारिश्रमिक वा सेवाको सुविधा तथा अन्य कार्यविधि गाउँपालिकाको प्रचलित नियमानुसार समितिले तोकिदिए बमोजिम हुनेछ।

९. **बालकल्याण अधिकारीको काम कर्तव्य र अधिकार**

क. बालबालिकाको हकहितको संरक्षण तथा बालकल्याण सम्बन्धी गाउँपालिका स्तरीय योजना तथा कार्यक्रम तर्जुमा गर्न स्थानीय बाल अधिकार समितिलाई सहयोग गर्ने ,

ख. स्थानीय बाल अधिकार समितिको निर्णय एवं निर्देशनहरु कार्यान्वयन गर्ने गराउने,

ग. स्थानीय बाल अधिकार समितिको सदस्यसचिव भई काम गर्ने,

घ. स्थानीय बाल अधिकार समितिबाट प्रत्यायोजित एवं निर्देशित अन्य काम गर्ने गराउने।

**परिच्छेद ३**

**१०. बालकोष स्थापना, सञ्चालन तथा व्यवस्थापन**

बालबालिकाको सर्वोत्तम हित हुनेगरी बालअधिकारको सम्मान, संरक्षण, प्रवर्धन एवं बालमैत्री गाउँपालिका निर्माणका लागि दिगो स्रोत तथा साधन परिचालन एवं व्यवस्थापनका लागि बाल कोषको स्थापना, सञ्चालन तथा व्यवस्थापनलाई निरन्तरता दिनेछ। बालकोषमा देहाय बमोजिमको रकमहरु जम्मा भएको हुनेछ।

१. नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त रकम,

२. बालबालिकाको क्षेत्रमा विनियोजित रकम मध्येबाट १० प्रतिशतमा नघटने गरी वार्षिक रुपमा हुन आउने रकम,



माछी गाउँपालिका, कास्की

३. बिदेशी सरकार, अन्तर्राष्ट्रिय संघसंस्था वा व्यक्तिबाट प्राप्त रकम,
४. स्वादेशी व्यक्तिको संघसंस्थाबाट प्राप्त रकम,
५. अन्य कुनै स्रोतबाट प्राप्त हुने रकम,
माथि उल्लेखित रकमहरु प्राप्त गर्नुअघि गाउँपालिकाको कार्यपालिका बैठकबाट निर्णय गराए कार्यान्वयनमा ल्याउनु पर्नेछ ।

**११. बाल कोषबाट सेवा पुर्याउने क्षेत्रहरू**

१. जोखिमपूर्ण श्रममा संलग्न रहेका यौन शोषण, यौन दुर्व्यवहारमा परेका बालबालिका,
२. बेचबिखन ओसारपसार मा परेका बा शारीरिक वा मानसिक यातना वा भेदभाव जस्ता दुर्व्यवहारबाट पीडित बालबालिका,
३. अपाङ्गता भएका, दुर्घटनामा परेका, प्राकृतिक वा दैवी प्रकोपमा परेका, हिंसाबाट प्रभावित एवं पीडित भएका बालबालिका,
४. हराएका वा वेवारिसे अवस्थामा फेला परेका, ऋणको कारणले बन्धक बनाइएका वा जबरजस्ती निकृष्ट प्रकारमा काममा लगाइएका बालबालिका,
५. आमाबाबु वा आफन्तको संरक्षणबाट वञ्चित भएका बालबालिका,
६. सुस्त मनस्थिति भएका, असाहाय वा बन्धकमा पाए परेका बालबालिका,
७. सडक बालबालिका,
८. एचआईभी एड्स संक्रमित तथा प्रभावित भएका बालबालिकालाई आकस्मिक सहयोग पुर्याउन तत्काल उद्धार, राहत र पुनर्स्थापना गर्ने कार्यका लागि बालकोष स्थापना सञ्चालन गरिनेछ ।

**१२. बालकोषको रकम परिचालन/ कार्य सञ्चालन प्रक्रिया**

मादी गाउँपालिकामा स्थापना भएको बाल कोषको रकम स्थानीय बालकल्याण समितिको सिफारिसमा देहाय बमोजिमको शीर्षकमा बालबालिकाको प्रत्यक्ष हित हुने कार्यमा खर्च गरिनेछ ।

१.उद्धार तथा पुनर्स्थापना,
२.खाद्यान्न,



मादी गाउँपालिका, कास्की

३. लुगाफाटो,
४. सम्प्रेषणको सेवा,
५. औषधी उपचार,
६. जीविकोपार्जन टेवा आदि ।

**१३. विशेष निर्णय गर्नसक्ने**

यस कार्यविधिमा माथि जुनसुकै कुरा उल्लेख भएको भएतापनि अपाङ्गता भएका एचआइभी संक्रमित वा असाध्य रोग लागेका वा अन्य विशेष अवस्था भई विपद्मा परेका बालबालिकाको हकमा उद्धार पुर्नस्थापना स्थापना र पारिवारिक पर्न मिलानका लागि समितिले औचित्य हेरि विशेष व्यवस्था गर्न सक्नेछ ।

**१४. अन्य उपयोगमा बन्देज**

कोषको रकम कर्मचारीको पारिश्रमिक, प्रशासनिक खर्च, बैठक खर्च र भवन निर्माण जस्ता कार्यमा खर्च गरिने छैन । कोषमा संचित रहेको रकम फ्रिज नभई आगामी वर्षहरुमा माथि उल्लेखित कार्यका लागि उपयोग गर्न सकिनेछ ।

**१५. कार्यक्रमको अनुगमन**

बाल कोष मार्फत उपलब्ध गराइएको सेवा सुबिधा तथा खर्चहरुको विवरण अध्यावधिक गर्नुपर्नेछ । त्यस्तो विवरण स्थानीय बालकल्याण अधिकारी मार्फत मादी गाउँपालिका गाउँ कार्यपालिकामा नियमित रुपमा पेश गरिनेछ ।

## परिच्छेद ५
## विविध

**१६. संरक्षकको व्यवस्था**

वैकल्पिक हेरचाहा र संरक्षणमा रहेका बालबालिकाको पारिवारिक पुनर्स्थापना गर्दा/ गराउँदाका बखत संरक्षकत्व लिने व्यक्ति वा संस्थाको योग्यता देहाय बमोजिम भएको हुनुपर्नेछ :

१. बालबालिकाको आमा वा बाबुको तर्फका नातेदार,

२. बालबालिकालाई हेरचाह गर्न इच्छुक परिवार वा व्यक्ति,

३. बालबालिकालाई परिवारमा आधारित हेरचाह गर्ने संस्था,

**अस्थायी संरक्षण सेवा**

तत्काल उद्धार तथा संरक्षण गर्न आवश्यक देखिएका बालबालिकालाई सुरक्षित बसोबासको व्यवस्था मिलाउन अस्थायी संरक्षण सेवा प्रदान गर्न स्थानीय सङ्घ-संस्थासँग समन्वय र सहकार्य गरिनेछ

**१७. संशोधन वा हेरफेर :** यस कार्यविधिमा आवश्यकता अनुसार संशोधन वा हेरफेर गाउँ कार्यपालिकाले गर्न सक्नेछ।

**आज्ञाले**
**नारायण प्रसाद सापकोटा**
**प्रमुख प्रशासकीय अधिकृत**

माद्री गाउँपालिका, कास्की